# झिमरुक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## भ्यागुते, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

# प्रेस-विज्ञप्ति

कथित सामाजिक अभियान्ता प्रमोद पोखेलको नामवाट सामाजिक सञ्जाल फेसवुक पेजमा गाउँपालिकाले सिफारिस रोक्यो भन्ने समाचार प्रति हाम्रो गम्भिर ध्यान आकर्षक भएको छ । विश्वव्यापी महामारीको रुममा फैलिएको कोरोना भाइरस रोकथाम र नियन्त्रणको लागि स्थानीय सरकारको तर्फवाट जनताको स्वास्थ्य, सुरक्षा र सुविधाको लागि खेल्नु पर्ने भूमिका प्रति हामी सधै सचेत र सजग छौ ।

सरकार नीति, नियम र कानून अनुसार चल्नु पर्ने हुन्छ । जिल्ला कोरोना संकट व्यवस्थापन समितिले राहत र उद्धारको लागि वस सेवालाई सवारी पास उपलव्ध गराउन पूर्णरुपमा वन्देज लगाएको अवस्थामा झिमरुक गाउँपालिकाका अध्यक्ष श्री तिलक वहादुर जि.सीले निजसँग जिल्ला कोरोना संकट व्यवस्थापन समिति प्यूठानको निर्णय विपरित वस सेवाको लागि पास उपलव्ध गराउन नसकिने तर अन्य निजी सवारी साधनहरुको लागि पास उपलव्ध गराउन जिल्ला प्रशासन कार्यालय, प्यूठानमा सिफारिस गर्न सकिने फोन मार्फत कुराकानी भएको थियो ।सो विषयलाई वङ्ग्याइ गाउँपालिका अध्यक्षले पासको सिफारिस नगरेको भन्ने भ्रामक समाचार प्रचार प्रसार गरी आम जनतालाई भ्रम श्रृजना गरेको र रोगको सहारा लिएर राजनीति गर्न साथै कथित सामाजिक अभियान्ताको नामवाट आफू चर्चामा आउन खोजेको हामीले महसुस गरेका छौ । आफूलाई जिम्मेवार वताउने व्यक्तिले यस्तो खालको भ्रामक समाचार संम्प्रेषण गरेर स्थानीय सरकार प्रति जनतामा नकारात्मक भावना श्रृजना गर्न खोजेकोले यस्तो निन्दनीय कार्यको घोर भर्त्सना गर्दछौ ।

सम्पूर्ण झिमरुकवासी दाजुभाई दिदी वहिनीहरुलाई उक्त भ्रमपूर्ण समाचारको पछि नलाग्न हार्दिक अपिल गर्दछौ । कोरोना भाइरसको महामारीको समयमा स्थानीय सरकारले नीति, नियम र कानून वमोजिम गर्न सक्ने कुनै पनि काममा कुनै कसर बाँकी नराखेको विश्वास दिलाउन चाहन्छु ।

२०७८/१/८

टिका वहादुर जि.सी.

प्रवक्ता